नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स

बुद्ध धर्म सम्बन्धी नेपालको एक मात्र मासिक पत्रिका

अन्या-पुह्री

वर्ष ८ अंक ६	न. सं. ११०० ई. स. १९८०	वार्षिक रू.१०/- मूल्य रू.१/५०

कञ्चनक्खन्ध जातक	२	त्रिशरण वंगुया फल	१७
बुद्धकालीन समाजमा बौद्ध धर्मको प्रचार	४	महामन्त्र	१९
बुद्ध मत र समाज	७	भगवान बुद्धया महिमा	२२
महायान दर्शन	९	छि स्यूला थें	२३
दुःखी	११	मिखां खन	२४
बुद्ध र नारीहरू	१२	लक्ष्य	२४
मार्फा गाउँ पंचायतको बौद्ध गुम्बा	१३	बुद्ध नाप लायत	२५
म एक भाग्यमानी लुम्बिनो हुं	१४	बौद्ध गतिविधि	२६
तिम्रै सहारा	१४	बौद्ध प्रश्नोत्तर	१५
मन (चित्त)	१६	Shakya-muni Buddha and I	३३
बुद्धको महिमा	१३		

सम्पादकीय

"आनन्द भूमि" को नयम–

१) "आनन्द भूमि" आनन्दकुटी विहार गुठीद्वारा प्रकाशित हुने नेपालको एकमात्र बुद्धधर्म सम्बन्धी मासिक पत्रिका हो । यो प्रत्येक पूर्णिमाको दिनमा निस्कनेछ । यसको आजीवन ग्राहक शुल्क रू. १००।– र वार्षिक ग्राहक शुल्क रू १०।– मात्र छ । जुन सुकै महीनामा पनि ग्राहक बन्न सकिन्छ । वार्षिक–ग्राहकलाई अंक १२ सम्म पूरा आउनेछ ।

२) यसमा बुद्धधर्म सम्बन्धी लेख मात्र छापिनेछ ।

३) लेखकद्वारा प्रकट भएको कुनै पनि विचारमा लेखको उत्तरदायित्व लेखक नै हुनेछ । सम्पादक मण्डल हुनेछैन ।

४) लेखकले नेपाली, नेपालभाषा र अंग्रेजीमध्ये कुनै पनि भाषामा लेख पठाउन सक्नुहुन्छ र पठाइएका लेख फिर्ता पठाउने व्यवस्था गर्न नसकिने भएकोले लेखको प्रतिलिपि आफूसँग राखी पठाउन अनुरोध छ ।

५) ग्राहक शुल्क, विज्ञापन तथा प्रबन्ध सम्बन्धी पत्र व्यवस्थापकको नाउँमा पठाउनुहोला । पत्र व्यवहार गर्दा आफ्नो ग्राहक संख्या तथा नाम ठेगाना राम्ररी लेखिएको हुनु जरूरी छ । ठेगाना हेरफेर हुने भएमा एक महीना अगावै व्यवस्थापकलाई सूचना दिनुहोला । पत्रिका समयमा नपुगे सूचना दिने कृपा गर्नुहोला ।

६) कुनै पनि लेख प्रकाश गर्ने वा नगर्ने अधिकार सम्पादकमै रहनेछ ।

७) लेखकहरूले कृपया अटो साइजको एक प्रति फोटो र आफ्नो संक्षिप्त परिचय पठाउनु हुन अनुरोध छ ।

आनन्द भूमि कार्यालय, आनन्दकुटी, स्वयम्भू, काठमाडौं ।

आनन्द भूमि

प्रधान सम्पादक
भिक्षु अश्वघोष

सम्पादक
भिक्षु कुमार काश्यप
सुवर्ण शाक्य
प्रकाश वज्राचार्य
ह्युछे बहादुर वज्राचार्य

वर्ष ८	अङ्क ६
आश्विन	२०३७
बुद्ध सम्वत्	२५२४
ने. सं.	११००
ई. सं.	१९८०

व्यवस्थापक
भिक्षु महानाम

प्रकाशक
आनन्दकुटी विहार गुठी
स्वयम्भू, काठमाडौं
फोन : १४४२०

"चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय अत्थाय हिताय सुखाय देवमनुस्सानं। देसेथ भिक्खवे धम्मं आदिकल्याणं मज्झेकल्याणं परियोसान कल्याणं सात्थं सव्यञ्जनं केवलं परिपुण्णं परिसुद्धं ब्रह्मचरियं पकासेथ।"

(महावग्ग–विनयपिटक)

भिक्षुहरू ! बहुजन हितको लागि, बहुजन सुखको लागि, विश्वमाथि दयाको लागि, देव र मनुष्यहरूको हित, सुख र कामको लागि संचार गर। भिक्षुहरू ! आरम्भ, मध्य र अन्त समयसम्म कल्याण हुने धर्मको अर्थ र भाव सहित उपदेश दिए-र सम्पूर्ण परिशुद्ध ब्रह्मचर्य (धर्म) को प्रकाश पार।

पाको बुद्धि भएको सज्जन साथी पाए सबै प्रकारका बिघ्न बाधा हट्छन्, अनि सचेत तथा प्रसन्न भई त्यस व्यक्तिको सत्संगत गर।

सच्चरित्रवान् साथी नपाए राजाले पराजित देश छोडे झैं एकले हिँड्नु बेस छ।

कञ्चनक्खन्ध जातक

–भिक्षु अमृतानन्द

"यो पहट्ठ न चित्तेना'ति....[1]" भन्ने यो गाथा श्रावस्तीमा वसिरहनुभएका शास्ताले एक भिक्षुको कारणमा बताउनुभएको हो ।

वर्तमान कथा

श्रावस्तीवासी एक कुलपुत्र शास्ताको धर्मदेशना सुनी रत्न जस्तो शासनमा मनदिई प्रव्रजित भयो । अनि उसका आचार्य उपाध्यायहरूले "आबुसो ! एक प्रकारको शील छ, दुई प्रकारका शील छन्, चार प्रकारका शील छन् पाँच प्रकारका शील छन्, सात प्रकारका शील छन्, आठ प्रकारका शील छन्, नौ प्रकारका शील छन्, दश प्रकारका शील छन्, धेरै प्रकारका शील छन् । यो सानो खालको शील हो, यो मझौला खालको शील हो र यो ठूलो खालको शील हो । यो प्रातिमोक्ष संवर शील हो, यो इन्द्रिय संवर शील हो । यो आजीव परिशुद्धि शील हो तथा यो प्रत्यय प्रतिसेवन शील हो" भनी शीलको कुरा बताए । अनि उसले सोच्न थाल्यो– "यी शील भनेका धेरै रहेछन् । यतिका शील समादानगरी पालन गर्न म सक्दिन । शील पालन गर्न नसके पछि प्रव्रज्याको के मतलब ? म गृहस्थीभई दानादि पुण्यकर्म गर्नेछु र पुत्रदारहरूको पनि पोषण गर्नेछु ।" यस्तो सोचेर "भन्ते ! मैले शील पालन-गर्न सक्नेछैन । शील पालन गर्न नसक्नेलाई प्रव्रज्याको के मतलब ? म चीवर छाडेर जानेछु । तपाईंका पात्र–चीवर लिनुहोस्" भन्यो ।

अनि उसलाई भने– "आबुसो ! त्यसो भए दशबललाई वन्दनागरी जाऊ ।"

यति भनी उनीहरूले उसलाई साथमा लिई शास्ताको धर्मसभामा गए । शास्ताले देख्नासाथ "भिक्षु हो ! इच्छा नहुने भिक्षुलाई किन लिएर आएका छौ ?" भनी सोध्नु-भयो ।

"भन्ते ! शील पालन गर्न सक्नेछैन भनी यो भिक्षुले पात्र–चीवर सुम्पिदियो । त्यसैले यसलाई लिएर आएकाहौं ।"

"भिक्षु हो ! तिमीहरूले यो भिक्षुलाई किन धेरै शीलका कुरा बताएको ? जति शील यसले पालनगर्न सक्नेछ उति नै पालन गर्नेछ । अबदेखि तिमीहरूले यसलाई यसरी केही पनि न बताऊ । गर्नुपर्ने काम म नै जान्नेछु ।" यति भन्नुभई शास्ताले उसलाई सम्बोधन गर्नुहुँदै– "आऊ भिक्षु ! तिमीलाई धेरै शीलले के गर्ने छ र ? तीन शील त तिमीले पालन गर्न सक्नेछौ ?"

"भन्ते ! सक्नेछु ।"

"त्यसोभए अब उप्रान्त तिमीले कायद्वार, वचनद्वार र मनद्वार यी तीन द्वारहरूको रक्षा गर । कायद्वारा पाप नगर त्यस्तै वचनद्वारा र मनद्वारा पनि पापकर्म नगर । जाऊ चीवर नछाड । यी तीन शीलहरूको रक्षा गर ।"

यत्तिकैमै सो भिक्षु सन्तुष्ट भई "हुन्छ, भन्ते ! यी तीन शीलहरूको रक्षा गर्नेछु" भनी शास्तालाई वन्दनागरी

---

१. जा. पा. पृ. १४ कञ्चनक्खबन्ध जातकं नं. ६६, अ. क. I, II पृ. २०४.

आचार्य उपाध्यायहरूसँगै फर्केर गयो । तो तीन शीलहरू रक्षा गर्दागर्दै उसले थाहापायो कि "आचार्य उपाध्याय-हरूले बताएका शीलहरू पनि यत्ति नै हुन् । उनीहरू चाहिँ आफू बुद्ध नभएको हुँदा उनीहरूले मलाई बोध गराउन सकेनन् । सम्यक्सम्बुद्ध चाहिँ आफू बुद्ध-सुबुद्ध भएको हुनाले र अनुत्तर धर्मराजा भएका हुनाले यतिका शीलहरू तीनवटा द्वारमा समावेश गराई मलाई ग्रहण गर्न लगाउनुभयो । शास्ता मेरो सहारा हुनुभयो" भन्दै विपश्यना बढाउँदै केही दिन भित्रै अर्हत्वमा प्रतिष्ठित भयो ।

यो प्रवृत्ति जानी धर्म सभामा भेला भएका भिक्षुहरूले "आवुसो ! शील रक्षागर्न सक्दिन भनी चीवर छाडी गृहस्थी हुनलागेको सो भिक्षुलाई भगवान्ले सबै शीलहरू तीन भागमा राखी स्वसलाई ग्रहण गर्न लगाई उसलाई अर्हत्व (पूर्णयोग्य निस्क्लेशी) प्राप्त गराइदिनुभयो । अहो बुद्ध ! अहो आश्चर्य मनुष्य !" भन्दै बुद्धगुण वर्णन गरि बसिरहे ।

शास्ता आउनुभई "भिक्षु हो ! अहिले यहाँ तिमीहरू के कुरागरी बसिरहेका थियौ ?" भनी सोध्नुभएपछि "यो यो" भनी भन्दा "भिक्षु हो ? धेरै गरुँगो वस्तु पनि खण्ड खण्डगरी विभाजन गरिदिएमा भार हलुँगो जस्तो हुन्छ । अघि पनि ठूलो सुनको ढिक्का पाई पण्डितहरूले बोक्न नसकेपछि भाग भागगरी बोकेर लगेका थिए" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनुभयो । (अतीत कथा जातक संग्रह भाग ३ मा हेर्नु होला । संपादक)

— ❀ —

व्यावहारिक चार उद्गार

★ कुनैपनि शत्रु त्यति हानीकारक हुँदैन जति आफ्नै लोभी विचार, ईर्ष्यालु विचार र घृणाका विचार हुन्छन् । —बुद्ध

★ सहनशीलताका अभ्यास विना दुनियामा शान्ति आउन सक्तैन । —भिक्षु धम्मानन्द

★ हिंसाको कारण शस्त्र होइन स्वयं व्यक्ति हो । —महावीर

★ संन्यास आत्माप्रेरित हुन्छ, परिस्थिति प्रेरित होइन । —साध्वी राजमती

बुद्धकालीन समाजमा बौद्ध धर्मको प्रचार

–प्रकाश वज्राचार्य

बौद्धधर्म मुख्यत: समाजमा व्याप्त दु:खबाट मुक्त हुने बाटो देखाउनलाई भएता पनि यसले त्यसताकाको समाजमा क्रान्ति ल्याउन पनि ठूलो कोशिश गरेको थियो। बुद्धकालीन समाजका कतिपय अत्याचार, अन्धविश्वास र शोषणको विरोध गर्नमा पनि बौद्ध धर्मको ठूलो प्रयास रहेको थियो। बुद्धले आफ्नो सिद्धान्त प्रचार गर्न एवं तत्कालीन समाजका कुरीतिहरूमा क्रान्ति ल्याउन आफ्नो बौद्धधर्मको स्थापना गर्नुभएको थियो।

त्यस बौद्धधर्मको जन्मदेखि नै (ई. पू. ५२८) यस धर्मले घेरैलाई प्रभावित गर्न सफल भयो। सामान्य जनता-हरूले मात्रै होइन कैयौं तत्कालीन ब्राम्हण विद्वान्हरूले पनि यो धर्म स्वीकार गरे। राजाहरू पनि बौद्धधर्म अपनाउन पाएकोमा गर्व अनुभव गर्दथे। ठूला ठूला व्यापारी धनीहरूले पनि यस धर्मको लागि आफ्ना ढुकुटी खोलिदिए। दूधमा पानि फैलिए जस्तै समाजमा बौद्धधर्म द्रुतगतिले फैलिन थाल्यो। बुद्धकालीन समाजमा आफ्नो बाल्यकालमै यसरी तीव्रता र सफलताका साथ बौद्ध-धर्म प्रचार हुनुका केही कारणहरूको यहाँ छलफल गरिन्छ।

सफलताको सर्वप्रथम कारण त बुद्धको उपदेश सरल र व्यावहारिक हुनाले हो। आफ्नै तरीकाले उदाहरण दिएर सम्झाउने, जीवनका समस्या सम्बन्धी उपदेश दिने, सकेसम्म सबैले बुझ्नेगरी सजिलो तरीकाले बोध गराउने आदि उहाँका विशिष्ट गुणहरू हुन्। जन-भाषा पालिमा उपदेश दिएर उहाँले सर्वप्रथम पिछडिएका जनताहरूले पनि बुझ्नेगरी धार्मिक उपदेश दिनुभयो। बौद्धकालभन्दा अघि धार्मिक उपदेशहरू संस्कृतमा मात्रै पाइन्थ्यो जुनकि ब्राह्मण र क्षत्रीहरू बाहेक अरूले पढ्न पाउँदैनथे।

ब्राह्मणहरूले क्षत्रीहरूलाई हातमा लिई समाजमा आधिपत्य जमाएका थिए। वैश्य र शूद्रवर्गलाई जोताएर आफू काम नगरी खाने गर्दथे। क्षत्रीहरू चाहिँ राज नीति र लडाईंमा मस्त थिए। हजारौं सालसम्म शोषणद्वारा पिसिएका वैश्य र शूद्रहरूले विरोध जनाउँदा ब्राह्मणहरूले आफ्नो सत्ता जोगाउन कर्मवाद र पुनर्जन्म-वादको आड लिए। पूर्व जन्मको कर्मले नै यस जन्ममा वैश्य र शूद्र भएका हुन्, हामीले होइन तिमीहरूकै कर्मले गर्दा तिमीहरूले हाम्रो सेवा गर्नुपरेको, हामी पूर्वजन्मको पुण्यफलले गर्दा यस जन्ममा अरूभन्दा श्रेष्ठ भई जन्मन आएका हौं आदि भनी शोषित वर्गहरूलाई ब्राह्मण क्षत्री-हरूले बुझाउन लागे। यस्तै तनावको स्थितिमा बौद्धधर्मले मुख देखायो। ब्राह्मण र क्षत्रीहरूले यो धर्म रूचाएकै थिए किनकि बौद्धधर्म पनि कर्मवाद र पुनर्जन्ममा विश्वास गर्दथ्यो। यसबाट आफूलाई हानी हुने उनीहरूले केही पनि देखेनन्। यसैले गर्दा र साथै बौद्धधर्मको लोकप्रियता देखेर पनि ब्राह्मणहरूले बुद्धलाई आफ्नो विष्णु देवताको नवौं अवतार मानी बुद्धलाई पनि आदर गर्न थाले।

तर अर्को तिर बौद्ध धर्मले पिछडिएका जातिहरूको पनि विश्वास जित्यो, कारण यस धर्म अनुसार आफ्नो

प्रयासले कर्म पनि बदल्न सकिन्थ्यो। प्रयास गरेमा शोषणबाट मुक्त हुन सक्ने देखियो। अर्को कुरा, पूर्वजन्मको कर्मभन्दा यस जन्मकै कर्म महत्वपूर्ण हो भन्दै, जन्मले होइन, कर्मले जाति छुट्याउँछ' भनी बुद्धले प्रचार गर्नुभयो। यसले गर्दा अछूतहरूमा पनि ठूलो साहस आयो। यसरी यो धर्मले समाजका चारै जातहरू (ब्राह्मण, क्षत्री, वैश्य, शूद्र) लाई प्रभावित गर्न सफल भए।

'आफ्नो कर्म आफ्नै हातमा हुन्छ, अरुको यसमा केही हात छैन; प्रयास गरेमा आफ्नो कर्म र भाग्य बदल्न सकिन्छ' भन्ने बौद्ध उपदेशले धेरै जनतालाई तान्यो। 'हामी केही गर्न सक्दैनौं, जम्मै भगवान्को हातले हुन्छ' भनी हतोत्साहित भएकाहरूलाई यस उपदेशबाट उत्साह आयो। 'आफ्नो भाग्यले गरेको' भनी निरूत्साह पार्ने धर्मभन्दा 'आफ्नो मालिक आफै' भन्ने बौद्ध सिद्धान्त धेरैले रूचाए. यसमा लागे उन्नति गर्न सकिने पनि धेरै नै देखियो।

बौद्धधर्म छिटै लोकप्रिय हुनाको अर्को मुख्य कारण के हो भने यसले धेरै पुराना विचारहरूलाई मान्यता दिएर पनि विरोध गर्ने भएकोले उक्त विचारका पक्ष विपक्ष दुवैलाई यसले सन्तुष्ट पारेको थियो। उदाहरणार्थ बुद्धले भूतको अस्तित्व स्वीकार गर्नुभयो। यसरी भूत मान्ने कट्टरहरू निश्चित भए। तर बुद्ध भन्नुहुन्छ– भूतदेखि डराउनु पर्दैन। भूत उसैले देख्छ जसको मन अशुद्ध छ, जसले कुकर्म गरेको छ। कुकर्म नै भूत भएर आएर तर्साउन आउने हो। यस विचारले भूत नमान्नेहरूको पनि चित्त बुझ्यो कारण उनीहरू यस विचार अनुसार, शुद्ध एवं पवित्र भए; भूत मान्नेहरू पापी भए।

त्यस्तै बुद्धले देवताहरूको अस्तित्व स्वीकार गरिदिएकोले आस्तिकहरू ढुक्क भए। तर अर्को तर्फ भने यो धर्मले देवताहरू धेरै शक्ति नभएका, मरणशील र मान्छे-भन्दा पनि तल्लो जातका मानेकोले नास्तिकहरूले पनि यो धर्म नरूचाएका थिएनन्।

त्यसबेलाको समाजमा पनि आजको जस्तै दार्शनिक विचारहरूको द्वन्द चलिरहन्थ्यो। एक तर्फ आत्मवाद थियो जसअनुसार आत्मा नै मुख्य हो; आत्मा नित्य, अमर, अजर, अपरिवर्तनीय छ। अर्को तिर थियो भौतिकवाद (चार्वाक सिद्धान्त) जस अनुसार आत्मा छैन, संसार भौतिक रचना मात्र हो, मोक्ष भन्ने छैन, बाँचुन्जेल मोज गर्नुपर्छ। यी प्रतिद्वन्दीहरूको बीचमा उत्र्यो अनि बौद्धधर्म। यस धर्मले नित्य आत्माको अस्तित्व स्वीकार नगरेकोले भौतिकवादीहरूको मन राखिदियो। तर मन (अनित्य आत्मा) को अस्तित्व स्वीकार गरेकोले तथा कर्म र पुनर्जन्मलाई स्थान दिएकोले बौद्धदर्शन भौतिकवादको पक्षपाती पनि भएन, जसले गर्दा आत्मवादीहरू निश्चित भए। यसरी अनात्मवाद र अभौतिकवाद बौद्धदर्शनले आत्मवाद र भौतिकवादका बीच मध्यस्थता गरेको हुनाले तत्कालीन दार्शनिकहरूले बौद्धधर्मबाट केही ठूलो खतरा देखेन, र ठूलो विरोध गर्नमा लागेन।

यसरी बौद्धधर्मले बुद्धकालीन समाजका पक्ष विपक्षहरू जम्मैलाई आफूतिर आकर्षित गर्दैलग्नमा धेरै सफल भए। आफ्नै किसिमको विशेष क्रान्तिकारी सिद्धान्त बोकेर बौद्धधर्म धेरैलाई प्रभावित गर्दै अगाडि बढे। जनतालाई आफूतर्फ यस धर्मले तान्न सकेको अर्को मुख्य कारण यो हो कि यो धर्मले जाति भेदभाव र नारी–तुच्छतालाई विरोध गर्दछ। बुद्ध पहिलो क्रान्तिकारी व्यक्ति हुनुहुन्छ जसले नारीहरूलाई पनि उचित हक

दिलाउन र छुवाछूतको प्रथा निर्मूल गर्नतर्फ कदम चाल्नु-भयो । समाजको करीब आधि जनता नारी हुन्छ, पुरुष-हरूमा पनि आधि त पिछडिएका जातिहरू हुन्छन् । तसर्थ नारी र तल्ला जातकाहरू समाजमा करीब ७५/. पुग्न आउँछ । नारी तुच्छता र जाति भेदभावको विरोध गर्ने धर्म हुनाले बौद्धधर्मले समाजका धेरै प्रतिशत जनता आफूतिर तान्न सकेको पनि हुनुपर्दछ ।

साधारण जीवनमै सजिलैसित मध्यममार्ग अपनाई मोक्ष प्राप्त गर्न सकिने हुनाले यो धर्मप्रति धेरै मान्छे ढल्के । धेरै दुःख कष्ट भोगी बस्नु र धेरै भोग विलासमा मात्रै डुबिरहनु दुवैलाई बुद्धले नराम्रो मानेकोले सर्व-साधारणलाई बुद्धको यो सजिलो बाटो धेरै राम्रो लाग्यो । बौद्धधर्म धम्काएर, बलजफ्ती जनतालाई बौद्ध बनाउन चाहँदैनथ्यो । बुद्धले मानव दिमागको खुला रूपमा प्रयोग गर्न जोड दिनुभएको छ । यसै कारणले पनि मानिसहरू बुद्धदेखि प्रभावित भएको हुनुपर्दछ ।

बौद्धधर्मले व्यापारीहरूलाई पनि महत्व दिएको छ । अरू जनतालाई काम दिलाउन सक्नाले नै राष्ट्रको हित हुन्छ, चोर डाका हट्छ भन्ने विचारले गर्दा पनि धेरैले यो धर्म रूचाए । व्यक्तिगतदेखि लिएर अन्तर्राष्ट्रिय स्तरमा समेत शान्तिको बाटो देखाउने, चोर डाका घटाउने-देखि लिएर सुचारू राजनीति चलाउने, दैनिक जीवन सुधार्नेदेखि लिएर जनचेतनासम्म पनि ल्याउने, अनावश्यक विश्वासमा भन्दा कर्तव्य पालनमा जोड दिने यो धर्म धेरै राजाहरूले अत्यन्तै रूचाए । यसैले हो हामी देख्छौं कि बौद्धधर्मको प्रचारमा मुख्यतः राजाहरूको (अशोक, कनिष्क, अजातशत्रु आदि) नै ठूलो देन रहेको छ । अर्को तर्फ बौद्धधर्मको सुदृढीकरणको लागि ठूला ठूला व्यापारी धनीहरूले (अनाथपिण्डिक, विशाखा आदि) आफ्ना सर्वस्व अर्पण गरेका थिए । विभिन्न धर्मका विद्वानहरू (सारिपुत्र, मौद्गल्यायन, महाकात्यायन आदि)ले बौद्ध-धर्म अपनाए । अरू नारी र तल्लो जातकाहरूले बौद्ध-धर्म रूचाउने त स्वाभाविकै भयो । यसरी समाजका करीब सबै जनतालाई सन्तुष्ट पार्दै, मूलभूत क्रान्ति ल्याउँदै र आफ्नो सिद्धान्त प्रचार गर्दै बौद्धधर्म तत्कालीन समाजमा निकै लोकप्रिय बनेर तीव्र गतिले फैलिँदै गयो । यसैले नै यो धर्म चीन, तिब्बत, जापान, स्याम, बर्मा, लंका, भियतनाम, क्याम्बोडिया, सुमात्रा, कोरियादेखि लिएर अफगानिस्तानसम्म पनि फैलियो ।

यसरी बौद्धधर्मको अपार सफलताले अरूलाई केही नभएता पनि अन्य धर्महरूलाई ठूलो चोट लाग्यो । फलतः बौद्धधर्मको विनाश गर्ने षड्यन्त्र रचिन थाल्यो । अन्य धर्मावलम्बीहरूको षड्यन्त्र र बौद्धहरूको आफ्नै अनुशासन-हीनताले गरेर विगत केही वर्षका लागि बौद्धधर्म नेपाल र भारतबाट लुप्त हुनुपऱ्यो । तर आजभोलि बौद्धधर्मको पुनरूत्थान हुँदैछ । विश्वले बौद्धसिद्धान्तको महत्व बुझ्दैछ, त्यसैले यो धर्मले फेरि एकचोटि चारैतिर पखेटा फैलाउँदैछ ।

अन्त्यमा एउटा कुरा के भन्न चाहन्छु भने बुद्ध ठूलो क्रान्तिकारी भएतापनि उहाँले तत्कालीन अन्धविश्वासी समाजको अगाडि आफ्नो जस्मै विचार प्रष्ट खोल्न पाएको थिएन । कतिपय विचारहरू त्यसबेलाको समाज-लाई सुहाउनेगरी घुमाएर पोख्नुपरेको थियो । यसैले बुद्धका केही उपदेशहरू राम्रोसँग बुझ्न नसकेर थेरवाद (हीनयान) र महायान छुट्टिन गयो । अरू पनि बुद्धका कतिपय उपदेशहरू केलाएर उहाँका स्पष्ट विचारहरूको

बुद्धमत र समाज–३

लोक बहादुर शाक्य

मध्य युगीय बौद्ध राज्यमा विकसित राज्य–संघको सम्पर्कको स्थिति उत्तरोत्तर बढ्दो युगमा नष्ट भ्रष्ट पारियो अनि राज्य तथा संघ पूरा मात्रामा अलग्गियो । अब बौद्ध संस्थाहरू राज्यको संरक्षणबाट पृथक् भएर निजी संस्थाको रुपमा सामान्यरुपले संचालन भएको छ । श्रीलंका तथा बर्माको सांस्कृतिक जीवनमा बौद्धमत यसरी भिजिसकेको थियो कि विदेशी शासनबाट स्वतन्त्रहरूको निमित्त भएको क्रान्तिमा बौद्धमत उनीहरूको आफ्नै सांस्कृतिक पुर्खौलीको चिन्हको रूपमा उपयोग गरिएको थियो ।

बौद्ध आधुनिकता प्राचीन राष्ट्रिय संस्कृतिको पुनरुत्थान तथा विदेशी सांस्कृतिक दवावको विरुद्ध प्रतिक्रियाको रूपमा उदय भएको हो । सन् १८६५ मा बौद्ध भिक्षु तथा क्रिस्चियन पादरी बीच धर्म बहस हुनथाल्यो । मोहोतिवत्ते गुनानन्द स्थविरले उक्त बहसमा बौद्धमतको दृष्टिकोण राम्ररी पोख्नुभएको थियो । सबभन्दा बढी प्रभावशाली सुधारक भने निश्चय पनि अनगारिक धर्मपाल हुनुहुन्थ्यो । वहाँ बौद्धमुलुकहरूमा महाबोधि अभियानको जन्मदाता भनी प्रख्यात हुनुहुन्छ । यस बौद्ध पुनर्जागरणको मतलव परम्परागत बौद्धविचारधाराको सिर्फ पुनरुत्थान मात्र नभै पश्चिमी सांस्कृतिक प्रभावको हाक विरुद्ध सामना गर्नु पनि थियो । बौद्धमत अन्धविश्वास नाघसन्द गर्ने तथा हेतुमूलक धर्म हो । बौद्धदर्शनको आधुनिक विज्ञानसँग पूरा सम्बन्ध छ । आजसम्म पनि बौद्धमत तथा विज्ञान बौद्धआधुनिकताको प्रमुख चर्चाको विषय मानिएको छ । यस तर्क प्रस्तुतीकरण पुष्टचाउनको लागि आधुनिक बौद्धजनहरू बुद्धको खास उपदेश तथा पछि थपेका काल्पनिक पौराणिक कुराको भेद छुट्चाउने उद्देश्यले बौद्धमतको मूल स्रोत पत्ता लगाउने प्रयास प्रारम्भ गरिएको छ । यस तथ्यको खोजीमा पूर्वीय तथा पश्चिमी विद्वान्हरू सहयोगात्मक र समन्वयात्मक भावनाले तल्लीन छन् । उन्नाईसौं शताब्दीको मध्यसम्म धेरै पश्चिमी विद्वानहरूले बुद्धको ऐतिहासिक तथ्य प्रति शंका गरेका थिए । ख्यातिप्राप्त फ्रेन्च विद्वान् इमाइल सेनार्टले बुद्धको जीवनीलाई भास्कर पौराणिक कथाको रुपमा वर्णन गर्नुभएको थियो । जर्मन विद्वान् हरमन ओल्डेन बर्ग प्रथम महानुभाव हुनुहुन्छ जसले आफ्नो 'बुद्ध' शीर्षक प्रसिद्ध रचनामा सन् १८८१ मा पश्चिमी संसारको निम्ति बुद्ध वहाँको जीवनी, सिद्धान्त तथा संघको विस्तृत भरपर्दो विवरण प्रस्तुत गर्नुभयो । बौद्धआधुनिकताको अभियान भारत तथा अरू बौद्धमुलुकमा सुरुगर्दा सर्वप्रथम उच्च

अध्ययन गर्न बाकी नै छ ।

अर्को कुरा त्रिपिटक बुद्ध परिनिर्वाणको ५०० वर्ष पछि मात्रै पुस्तकको रूपमा लेखिएकोले यसमा बुद्धको मात्रै होइन, अरू विद्वान्हरूको पनि विचार परेका छन् । त्यो बेला प्रचलित हिन्दूधर्ममा रमाइला, घटलाग्दा र काल्पनिक कथाहरू धुप्रै हुनाले मान्छेहरू हिन्दूधर्मतर्फ ढल्केका थिए । यस उसले बौद्धधर्ममा पनि मान्छेहरू आकर्षित गर्न र साथै समाजमा उदाहरणद्वारा राम्रो व्यवस्था ल्याउन बौद्ध विद्वान्हरूले जातक कथा सृष्टि गरेको हुन सक्छ । तर जे होस्, बौद्ध धर्मको प्रचारमा जातककथाको पनि महत्वपूर्ण योगदान रहेको छ । 卐

शिक्षितवर्गले यसको आवश्यकताको महसूस गरे । पछि आएर बौद्धसंघका बढीसे बढी समूहबाट नयाँ बिचार तथा धारणाको जानकारी लिनुभयो र भिक्षुहरूले नगरमा मात्र होइन ग्रामीण क्षेत्रमा समेत उक्त बिचारधारा पोख्दै गए । श्रीलंका तथा बर्मामा आधुनिक विचारधाराले आम जनतामा असर पारेको र यसको लोकप्रियताको फलस्वरुप नयाँ धार्मिक रानैतिक चेतना जगाउन सुप्रभाव पारेको पनि छ । यसरी संघ तथा गृहस्थीको शताब्दियौं पुरानो सम्बन्ध बौद्धजनको आम राजनैतिक जागरणको वातावरणमा परिणतभै बौद्धदेशहरूको राजनैतिक तथा सामाजिक आधुनिकताको आवश्यक विधिमा सघाउ र मद्दत मिलेको छ ।

उपोरोक्त विकासबाट बौद्धआधुनिकताको धारणा निश्चय पनि परिवर्तन भएको छ । परम्परावादी विश्वास तथा काल्पनिक कुराहरूबाट हेतुबाद तत्वतिर वातावरण मोड्न लागेको छ । परम्परावादी विचारभन्दा भिन्दै प्रस्कारको नयाँ कल्पना, शैक्षिक तथा साहित्यिक गतिबिधि देखापर्न थालेको छ अनगारिक धर्मपाल तथा डा. अम्बेदकर जस्ता भारतका बौद्ध नेताहरूले प्रजातन्त्र निश्चय पनि बौद्धबिचारधाराको उपज हो भन्ने कुराको दावी गर्नुभएको थियो । तिनीहरूको तर्क बौद्धसंघको संरचनामा आधारित छ । संघमा सबै भिक्षुहरूलाई समान हक प्रदान गरिएको तथा संघका प्रस्तावहरू अधिकांश सर्वसम्मतिबाट पारित हुन्छन् भने कुनै बहुमतबाट । यस तरीकोले प्रजातन्त्रको मौलिक गुण संघको विधिविधानमा स्पष्ट देखिन्छ । संघ मानव समाजको प्रजातान्त्रिक संगठनको लागि नमूनाको रुपमा विद्यमान छ भन्ने कुरा आधुनिक कालका महानुभावहरूले दावी गर्न सक्नुहुन्छ । ऐतिहासिक दृष्टिकोणबाट यो शुद्ध भन्न नसक्ला किनभने बुद्धधर्म राजनैतिक पक्षको छलफलसँग सम्बन्ध छैन तै निश्चय पनि राजनैतिक आधुनिकता तर्फ यसको ठूलो देन प्रमाणित गरिएको छ । अर्को उदाहरण आधुनिक समाजबादका सिद्धान्तहरू बौद्धमतमा न्यायोचित मानिएको देखिन्छ । एक बौद्धमुलुकको समाजवाद नीतिको इस्तिहारमा बर्मेली राजनीतिज्ञ उवास्वेले १९५२ मा समाजवादलाई तल्लो सत्यको रुपमा बयान गर्नुभएको छ जसबाट प्रचुरताको समाज निर्माण गर्न समर्थ हुन्छ अनि माथिल्लो सत्य याने बौद्ध धर्मको ज्ञान हासिल गरी बढीसे बढी मानवलाई धार्मिक जीवन यापन गर्न मौका प्रदान गर्दछ । यस्तै विभिन्न विचार धारामा आधारित बौद्ध समाजबादको धेरै साहित्यिक सामग्रीहरू उपलब्ध भएको छ । कस्तै पनि बौद्धजन उग्रवादको तरीका पन्छाई सदा मध्यम मार्गको अनुयायी हुन्छन् । 卐

तीन विवेकी कुरा

१. धर्मात्मा व्यक्ति संपत्ति भएमा मात्तिदैन र विपत्ति आएमा आत्तिदैन ।

२. अधिकार मात्र खोज्ने स्वार्थी हुन्छ, कर्तव्य पनि पालनगर्ने परमार्थी हुन्छ ।

३. बुझ्नेलाई गोल (अँगार) माल हुन्छ भने नबुझ्नेलाई गोलमाल हुन्छ ।

महायान दर्शन

डा० लालमणि जोशी, एम्. ए पी. एच. डी

महायानको प्रवृति सुरूदेखि नै दार्शनिक गुत्थिहरूको विश्लेषण तर्फ थियो । प्रज्ञा साहित्यमा गूढ एवं सूक्ष्म दार्शनिक विचारहरू छन् । महायानको प्रथम आचार्य नागार्जुन सवभन्दा बढी विद्वान् एवं तत्त्व-चिन्तक थियो ।

बौद्धधर्म दर्शनका प्रख्यात इतिहासकारहरू तथा व्याख्याताहरूमा धेरैले महायानको गहीरो विचार सागरमा साधारणतः दुई दार्शनिक पद्धतिहरूका अवलोकन गरेका छन् । यिनीलाई माध्यमिक वा शून्यवाद र योगाचार वा विज्ञानवाद भन्दछन् । महायानका ३ दार्शनिक परम्पराहरू यी हुन्-

१. नागार्जुनको परम्परा – माध्यमिक दर्शन
२. मैत्रेयनाथको परम्परा – विज्ञानवाद दर्शन
३. दिङनागको परम्परा – तर्क शास्त्रीय तत्व दर्शन

यिनीहरूमा पहिलो परम्परा प्रज्ञापारमिता सूत्रहरू तथा आचार्य नागार्जुनद्वारा सँगै प्रवाहित भएको थियो । दोश्रोको स्पष्ट एवं सैद्धान्तिक विकास सन्धि निर्मोचन सूत्र, लंकावतार सूत्र, आचार्य मैत्रेयनाथका ग्रन्थहरूबाट भयो । प्राचीन हिन्दू दार्शनिकहरूले यी दुई पद्धतिहरूको मात्रै अनुशीलन गरेका थिए ; यी वाहेक वैभाषिक र सौत्रान्तिक नयहरूलाई हीनयान दार्शनिक पद्धतिहरू अन्तर्गत राखेका थिए । यही व्यवस्था आधुनिक कालमा पनि धेरै जसो लेखकहरूले अपनाएका छन् ; तर यो दोषपूर्ण छ । बौद्ध धर्मको गम्भीर एवं समुचित अध्ययन गर्नेहरू यस निष्कर्षमा पुगे छन् कि बौद्ध विचार र तत्त्व चिन्तनको चरम विकास आचार्य दिङ्नागको परम्परामा भएको थियो । दिङ्नागद्वारा प्रवाहित 'तर्कशास्त्रीय तत्त्व दर्शन' को तरंगलाई 'माध्यमिक' एवं विज्ञप्तिमात्र दर्शनहरूबाट अलग्ग सम्झनु सर्वथा उचित देखिन्छ । दिङ्नाग बौद्ध न्याय शास्त्रको जन्मदाता मात्र होइन, भारतीय तर्कशास्त्र अथवा प्रमाण विद्याको वास्तविक व्यवस्थापक पनि थियो । उसले 'सौतान्त्रिक' वा 'आलोचनात्मक यथार्थवाद' तथा 'चित्तमात्रता' (विज्ञप्तिमात्रता वा पूर्णाद्वैत आदर्शवाद' को बिच समुचित समन्वय र सामञ्जस्य स्थापित गऱ्यो । बौद्ध दर्शनको विरोधी वितंडावादीहरूको खण्डनको उत्तर दिन, विशुद्ध बुद्धिवादीहरूलाई बौद्धिक सन्तोष प्रदान गर्न तथा बुद्ध-दर्शनको वैज्ञानिक प्रामाणिकता एवं पारमार्थिक उपयोगिताको प्रतिष्ठा स्थापित गर्न दिङ्नागले न्याय वा तर्कशास्त्रको शिलान्यास एवं विकास गऱ्यो । त्यसैले दिङ्नागद्वारा विकसित तर्कशास्त्रीय तत्त्व दर्शनको यो अद्वितीय महातरंग महायानको दार्शनिक विकासमा मात्रै होइन, बौद्ध दर्शनको इतिहासमा समेत आफ्नो व्यक्तिगत र विशिष्ट स्थान राख्दछ ।

माथिका दार्शनिक पद्धतिहरूको ऐतिहासिक विकास क्रमको रूपरेखा यस प्रकार छन्-

माध्यमिक नयको विकासक्रम

माथि उल्लेख भए जस्तै आचार्य नागार्जुन एक दीर्घजीवी पण्डित र युग-प्रवर्तक विचारक थियो । बुद्ध संवतको चौथो शताब्दीमा उसको आविर्भाव र दोश्रो इस्वी शताब्दीको उत्तरार्द्धमा सम्राट् सातवाहनको प्रेरणाबाट

उसको देहान्त भयो ।[८३] यो लामो आयुले जस्तै उसका साहित्यिक कृतिहरूले पनि पाठकहरूलाई चकित गर्न सक्छन् । महाप्रज्ञापारमिता शास्त्र, दशभूमिविभाषाशास्त्र, मूलमध्यमकारिका, विग्रह व्यावर्तनी, सूत्र समुच्चय, अकुतोभया, सुहृल्लेख, युक्तिषष्ठिका तथा द्वादशमुखशास्त्र नागार्जुनका असंदिग्ध कृतिहरू हुन् । तर उसका रचनाहरूमा माथिका ग्रन्थहरूको अतिरिक्त शून्यता-सप्ति, व्यवहार सिद्धि, प्रज्ञादण्ड, धर्म संग्रह, चतुःस्तव, उपाय कौशल्य हृदय, महायान विंशिका, बोधिचित्त विवरण, प्रतीत्यसमुत्पाद हृदय तथा प्रमाणविघटन आदिको पनि गणना गरिन्छ । माध्यमिक दर्शनको सुहाउँदो ज्ञान प्राप्त गर्नको लागि मध्यमक शास्त्र वा मूलमध्यमकारिका र विग्रह व्यावर्तनी नै पर्याप्त छन् । प्राचीन भारतका अबौद्ध विचारकहरू र बौद्ध दर्शनका आलोचकहरूले नागार्जुनको विचार तरंगलाई 'शून्यवाद'को नाम दिएका छन् ।[८४] कतिपय आधुनिक लेखकहरूले पनि यसै नामलाई अपनाएका छन् । यस नामांकरणको कारण 'शून्य' र 'शून्यता' शब्दहरूको यस दर्शन साहित्यमा प्रचुर प्रयोग हो; तर यसलाई शून्यवाद भन्नु भ्रामक हो । माध्यमिक साहित्यमा कहिं पनि यसलाई 'शून्यवाद' भनिएको छैन । माध्यमिक विचारक आफूलाई 'शून्यवादी' भन्दैनथे । माध्यमिक नय कुनै प्रकारको 'वाद' होइन, चिन्तनको एक पद्धति हो, जसले सबै प्रकारका 'वादहरू', 'मतहरू' वा 'सिद्धान्तहरू'लाई दोषपूर्ण सिद्ध गरेर तिनीहरूको निराकरण गर्दछन् ।[८५] दोषपूर्ण ज्ञानबाट अज्ञान उत्पन्न हुन्छ र सम्यक दृष्टि मार्गमा बाधक हुन्छ; त्यसको निराकरण नगरिकन प्रपंचोपशम हुन सक्तैन र प्रपंचशमतिक्रान्त नगरिकन प्रत्यात्मवेदनीय परमार्थ सत्यको अनुभूति दुर्लभ छ । त्यसैले प्रपंचसम्भूत अथवा विकल्पसम्भव सबै दृष्टि वा दर्शनहरूको खण्डनको आध्यात्मिक आवश्यकता छ जसको लागि शून्यता बोध गर्नु नै एक मात्र उपाय छ । यस दर्शन श्रेष्ठ माध्यमिक दर्शनलाई 'शून्यवाद' सम्झनेहरूलाई हामी 'विग्रह व्यावर्तनी'को २९ औं श्लोकमा ध्यान दिलाउन चाहन्छौं–

'यदि काचन प्रतिज्ञा स्यान्मे तत एष मे भवेद्दोषः ।
नास्ति च मम प्रतिज्ञा तस्मानैवास्ति मे दोषः ।।'

तथा 'मध्यमकारिका' को १३ औं अध्यायको ८ औं कारिकाको तरफ ध्यान आकृष्ट गराउन चाहन्छौं ।

'शून्यता सर्वदृष्टीनां प्रोक्तानि सरणं जिनैः ।
येषां तु शून्यतादृष्टिस्तानसाध्यान् बभाषिरे ।।'

नागार्जुन पछि दोश्रो प्रख्यात माध्यमिक विचारक आर्यदेव थियो; जो नागार्जुनको शिष्य थियो । 'चतुःशतक' मुष्टिप्रकरण र 'अक्षरशतक' आर्यदेवका प्रसिद्ध ग्रन्थहरू थिए । माध्यमिक विचारहरूको चरम विकास छैठौं र सातौं शताब्दीमा भयो । छैठौं सदीमा बुद्धपालित र भावविवेक प्रसिद्ध माध्यमिक चिन्तकहरू थिए । उनीहरूको परस्परमा पद्धति विषयलाई लिएर मतभेद हुनाले माध्यमिकहरूको २ भेद भएका थिए । बुद्धपालितले

८३. हेर्नोस :– युवान च्वाङ, भाग २, पेज २००–२०५; एम. वालेजेर, 'लाइफ अफ नागार्जुन फ्रम टिबेटन एण्ड चाइनिज सोर्सेज' एसिया मेजर, भाग १, पेज ४२१ को अगाडि तथा पूर्व उल्लिखित साक्ष ।

८४. उदाहणार्थ शंकराचार्य, ब्रह्म सुत्र भाष्य, २.३१, निर्णयसागर प्रेस संस्करण, पेज ३५१–५२ ।

८५. द्रष्टव्य– द्वादशमुखशास्त्र, प्रोफेसर एन. अय्य स्वामी शास्त्री द्वारा चीनीबाट संस्कृतमा अनूदित, विश्वभारति एनल्स, भाग ६ मा प्रकाशित ।

मध्यमक शास्त्रमा टीका लेखेर 'प्रासंगिक' शास्त्र सुरू गऱ्यो । भाववविवेकले मध्यमकशास्त्रमा 'प्रज्ञाप्रदीप' नामक टीका तथा मध्यमार्थसंग्रह, करतलरत्नशास्त्र र तर्कज्वाला नामक ग्रन्थहरूको श्रृजना गऱ्यो र 'स्वातन्त्रिक' शाखाको सुरूवात गऱ्यो । सातौं शताब्दीको उत्तरार्द्धमा चन्द्रकीर्ति नामक एक प्रतिभाशाली माध्यमिक दार्शनिक थिए जसले प्रासंगिक दृष्टिकोण अपनायो र नागार्जुनको दार्शनिक परंपराको उत्कृष्ट प्रतिपादन 'प्रसन्नपदा' नामको माध्यमिककारिकाको वृतिमा प्रस्तुत गऱ्यो । यसको अतिरिक्त चतुः शतकवृत्ति, युक्तिषष्टिकावृत्ति, शून्यतासप्ततिवृत्ति, प्रदीपउद्योतन, मध्यमकावतार एवं मध्यमकावतार भाष्य चन्द्रकीर्तिका महत्वपूर्ण रचनाहरू हुन् । सातौं शताब्दीको मध्यमा महायान सन्त, कवि, बौद्ध शास्त्र एवं सूत्रहरूको प्रकांड पण्डित तथा प्रखरबुद्धि माध्यमिक विचारक शान्तिदेव थिए । उसले शिक्षा समुच्चय तथा बोधिचर्यावतार नामक ग्रन्थहरू लेख्यो । यिनमा बोधिचर्यावतारको नवौं परिच्छेद माध्यमिक दृष्टिकोणले लेखेको प्रासंगिक वर्णन हो । अन्य माध्यमिक विचारहरूमध्ये 'शतशास्त्र' एवं 'प्राण्यमूल्यशास्त्र'को लेखक सिंहरश्मि, 'माध्यमिक सत्यद्वयविभंग'को लेखक ज्ञानगर्भ, 'प्रज्ञाप्रदीपटीका'को लेखक अवलोकितव्रत तथा 'बोधिचर्यावतारपञ्जिका'को रचयिता प्रज्ञाकरमतिको नाम उल्लेखनिय छन् । अन्य बौद्ध विचारकहरूमा न्यायबिंदुटीका, अपोहप्रकरण, परलोकसिद्धि, क्षणभङ्गसिद्धि प्रमाण परीक्षा र प्रमाण विनिश्चयटीकाको लेखक धर्मोत्तर; ईश्वरभङ्गकारिका, सर्वसिद्धिकारिका, श्रुतिपरीक्षाकारिका, वाह्यार्थसिद्धिकारिका तथा अन्यापोहसिद्धिको लेखक कल्याण रक्षित उल्लेखनीय छन् ।

— ★ —

दुःखी

धम्मानन्द

बुद्धले सिकाउनु भयो कि मान्छेले गलत चीजहरूको चाहना गर्नाले नै दुःख पाउँछ, जस्तै पैसाबाट किन्न सकिने आनन्दहरू, अरू मान्छेको माथि बस्ने शक्ति र सबभन्दा महत्वपूर्ण हो मरिसकेतापनि सदाको लागि रहिरहने विचार । यस्ता चीजहरूको इच्छाले गर्दा मान्छेहरू स्वार्थी बन्छन् जसले गर्दा उनीहरू आफ्नै मात्रै सोच्छन्, आफूलाई मात्रै चाहना गर्छन् र अरूहरूलाई के कस्तो हुन्छ भन्ने कुरोमा बढी ध्यान दिँदैन । र उनीहरूले इच्छागरेको जति जम्मै नपाउने हुनाले उनीहरू बैचैन र असन्तुष्ट रहन्छन् । यो बैचैनीबाट मुक्त हुने एउटै मात्रै उपाय यसलाई उत्पन्न गर्ने इच्छाहरूबाट मुक्त हुनु नै हो । यसो गर्ने धेरै गान्हो छ; तर जब मान्छेले यसो गर्ने सफल हुन्छ, अनि ऊ सम्पूर्णता र शान्त अवस्थामा पुग्छ ।

(साभार : "Why Worry ?" नामक पुस्तक)

अनुवाद लेख–

बुद्ध र नारीहरू

नारी–स्वतन्त्रताको कदम कुनै नयाँ कुरो होइन । २५०० वर्षभन्दा अघि नै समाजमा सम्मानजनक स्थान दिलाउन नारीहरूलाई बुद्धले सहयोग दिनुभएको थियो । उहाँले नारीहरूको दर्जा पुनरुत्थान गर्नमा मद्दत दिनुभयो । उहाँले नारीहरूलाई समाजमा उनीहरूको महत्व र उपयोगिताबारे बोध गराइदिनुभयो । बुद्धको समयभन्दा पहिले भारतीय नारीहरूले पर्याप्त स्वतन्त्रताको आनन्द लिन पाएका थिएनन् र आफ्ना मानसिक प्रवृत्ति र ज्ञानको प्रदर्शन गर्ने मौकाबाट वंचित हुनुपरेका थियो । उदाहरणार्थ, एउटी छोरी जन्मनु पनि परिवारमा नचाहिंदो बोझ मानिन्थ्यो । तैपनि एकपटक जब कोशलको राजाले आफ्नी छोरी जन्मेको खबर सुनेर दुःखित भएको थियो, तब भगवान् बुद्धले उहाँलाई यसो भनेर सान्त्वना दिनुभएको थियो, 'महाराज ! छोरी पनि छोरोभन्दा असल सन्तान सिद्ध हुन सक्छ ।"

नारीहरूलाई बुद्धका अनुयायीहरूको रूपमा ठूलो भूमिका निभाउन उस्काइएको थियो । बुद्धका ८० ठूला अनुयायीहरूमध्ये कमसेकम १२ जना नारीहरू नै थिए । खेमा र उप्पलवण्ण भिक्षुणीहरूमा अग्रश्राविका बनाइएका थिए । बुद्धले अरू नारीहरूलाई पनि विशिष्ट धार्मिक अनुयायीहरूमा स्थान दिनुभएको थियो ।

अनि नारीहरू बुद्धका अनुयायी बन्न मन पराउँथे ? त्यस्ता नसुहाउने अवस्थामा राखिएका नारीहरूका लागि भिक्षुणीहरूको संघको स्थापना अवश्य पनि एक ठूलो वरदान भएको हुनुपर्दछ । यस संघमा रानीहरू, राजकुमारीहरू, भद्रपरिवारका छोरीहरू, विधवाहरू, निसन्तान आमाहरू, निःसहाय आईमाईहरू, वेश्याहरू– सबै जात र दर्जाका नारीहरू– सबै एउटै साझा ठाउँमा भेला भएर उनीहरूले आफ्ना छाप्रा र महलहरूमा नपाएको खुला र स्वतन्त्र हावामा सास फेरे । धेरैले आफूलाई विभिन्न तरीकाबाट चिने जो कि नत्र बिषादमा पर्ने थिए र संघको शरणमा गएर मुक्ति प्राप्त गरे ।

अवश्य नै सारा स्वास्नीमान्छेहरू संघमा प्रवेश हुन पाउँदैनथे । तैपनि थुप्रै नारीहरू बुद्धको भक्त हुन चाहन्थे । सायद उनीहरूले उनीहरुलाई बुद्धले गरेको आदर महसूस गरे । बुद्धले नारीलाई उपहास गर्नु भएन, तर उनीहरू स्वभावैले दुर्बल भएको मान्नुहुन्थ्यो । उहाँले पुरूष र नारी दुवैमा स्वाभाविक गुण देख्नुभयो र उहाँले आफ्नो उपदेशमा उनीहरूलाई मनासिब ठाउँ दिनुभयो । सिगालवाद सूत्रमा बुद्धले स्वास्नीमान्छेलाई लोग्नेको सर्वोत्तम मित्र भन्नुभएको छ ।

संतको पद प्राप्तगर्नलाई लिंगले बाधा गर्दैन भन्ने कुरो बुद्धलाई थाहा थियो । धर्मको रथको बारेमा भन्नुहुँदा खेरि कएकपट बुद्धले भन्नुभएको थियो, "यस्तो रथले चाहे पुरूषलाई कुरेको होस् चाहे स्त्रीलाई, उनीहरू निर्वाणसम्म यसै रथबाट जानेछन् ।'

(Voice of Buddhism बाट अनूदित)

आनन्दकुटी विद्यापीठ स्तम्भ

"मार्फा गाउँ पंचायतको बुद्ध गुम्बा"

रिता हिराचन
कक्षा– ६, आ. कु. कन्या विद्यापीठ

बुद्धको देश नेपालमा बस्ने अधिकांश नेपालीहरू बौद्धधर्म मान्छन् भन्ने कुरामा त कुनै शंका छैन । नेपालको चौध अंचलमध्ये एक मानिएको धौलागिरी अंचलमा पर्ने मुस्ताङ जिल्ला अन्तर्गतको मार्फा गाउँ पंचायतमा रहेको बौद्ध गुम्बाको छोटकरी परिचय दिने प्रयास यहाँ मैले गरेकी छु ।

यो गुम्बाको नाम नै मार्फा गुम्बा हो । यसमा बुद्धको ठूलो मूर्ति अवस्थित छ । यहाँ दिनहुँ लामाहरूले पूजा आजा गरी घ्यूको बत्ति बाल्छन् । बुद्धमन्दिर लामाहरूको मन्त्रोच्चारण र पाठहरूले गुन्जायमान भैरहेको हुन्छ ।

मार्फा गाउँका अधिकांश वासिन्दाहरू बुद्धधर्म मान्छन् । यसले गर्दा त्यो गाउँमा सत्य, प्रेम, न्याय र सहयोगको प्रशस्त सामन्जस्य देख्न पाइन्छ । कार्तिक महिनामा त्यो गुम्बामा वर्षको एक पल्ट विभिन्न भाव-मङ्गीमा गाउँलेहरू मिलेर नाच्दछन् । रमाइलो गर्छन् । त्यो उनीहरूको सांस्कृतिक परम्परा बनि सकेको छ । गाउँको अलिक उच्चमा रहेको त्यो गुम्बाबाट वरपरको प्राकृतिक दृश्यपनि अति राम्रो देखिन्छ जसले गर्दा यो स्थान पर्यटकहरूको आकर्षकको केन्द्र पनि बनेको छ । वर्षैनि यहाँ थुप्रै थुप्रै पर्यटकहरू आउँछन् र यहाँको प्राकृतिक दृश्यको अवलोकनबाट आनन्द लिनुका साथ साथै एशियाका प्रकाश कहलिएका भगवान् बुद्धको सुन्दर शान्त र सौम्य दर्शनबाट मनमा अथाह शान्तिको आभास-हरू लिएर फर्कन्छन् ।

पर्यटकहरूको सुविधाको लागि त्यो ठाउँमा हाल थुप्रै होटलहरू खोलिएका छन् । धानको उब्जनी नहुने यो ठाउँमा बुद्धकै उपदेश 'सन्तोष नै परम सुख हो' लाई ग्रहण गरी यहाँका मानिसहरू फाफरको ढिँडोमै आफ्नो जीवन निर्वाह गर्दछन् ।

मुस्ताङ्ग जिल्ला अन्तर्गतका हरेक गाँउहरूमा एक न एक बौद्ध गुम्बा हुन्छ नै । र यी गाउँका सीधा सादा जनताहरू बुद्धको माध्यमबाट संसारसँग विश्व प्रेम विश्व मातृत्व र विश्ववन्धुत्वको भीख मागिरहेका छन् ।

आनन्द भूमिमा विज्ञापन दिनुहोस्

नेपालको एकमात्र मासिक बौद्ध पत्रिका **आनन्द भूमि** एक अत्यन्त लोकप्रिय पत्रिका हो । अत्याधिक संख्यामा प्रकाशित हुने यस पत्रिकाको माध्यमबाट तपाईको सन्देश घर घरमा पुग्नेछ, उपत्य-काको कुना काप्चासम्म पुग्नेछ र साथै अधिराज्यका अरू प्रमुख सहरहरूमा पुऱ्याई दिने छ । आफ्ना विज्ञापनदाताहरूको लागि **आनन्द भूमि** निकै कम शुल्कमा विज्ञापन उपलब्ध गराइ दिएको छ । **आनन्द भूमि**मा विज्ञापन दिएर पुण्य संचय गर्नु होस्, अत्याधिक लाभ उठाउनुस्, र आफ्नो सफल बनाउनुस् ।

म एक भाग्यमानी लुम्बिनी हुँ

–लक्ष्मी प्रसाद प्रसाई
शिक्षक– आ. कु. वि.

साँच्चै नै म
संसार भरिकै
एक भाग्यमानी स्थल हुँ
यहाँबाट मैले एक महान् पुरुष
सिद्धार्थलाई हुर्काईसकेकी छु ।
यहाँबाट गौतमका उपदेशहरूलाई
संसारका कुनाकुनासम्म पुऱ्याइसकेकी छु ।
अनि संसारको इतिहासमा
यो बुद्धको गाउँ भनी
नाम लेखाइसकेकी छु ।
त्यसैले त आज
एसियाको माझ
छिमेकीहरूबाट
सम्मानित भई
नेपाल र नेपालीको
भावनालाई
शान्तिको ज्वाला बनाई
विश्वका कुनाकुनासम्म
बहुजन हिताय
बहुजन सुखायको
नारा लगाउँदै हिंड्ने
म एक भाग्यमानी
लुम्बिनी हुँ ।

तिम्रै सहारा

सन्जीवन महरा
कक्षा – ८

हाय ? यो दुःखी जीवनमा
तिम्रै हो अदृश्य सहारा ।
मृत्युमय शरीरको जीवनमा ।
तिम्रै हो महान् सहारा ।

हे बुद्ध, तिम्रो पूजाले
मन हुन्छ पवित्र ।

हे प्रभु, तिम्रो ध्यानले ।
संसार हुन्छ उज्ज्वल ।

कोटि मुटुले विश्वास गरेको
आफ्नै मेहनतले जीवनमा सार पाएको
हामीलाई पनि जीवनका पथ देखाऊ
हामी शिष्यलाई तिम्रै सहारामा बसाऊ ।

बौद्ध प्रश्नोत्तर स्तम्भ (संख्या २)

बौद्ध पुस्तकालय संचालक समिति

ललितपुर नागबहाल, कुतिबहाल

नियम—

१) स्तम्भका नियमहरू पहिले प्रकाशित नियम नै हुने छन् । सख्या २ देखि लागू हुने केही संशोधित नियम-हरू तल दिइएका छन् ।

२) २० वटा मध्ये १८ उत्तर ठीक भएमा मात्र पुरस्कृत हुनेछ ।

३) वर्ष भरिमा प्रकाशित प्रश्नहरू मध्ये सबै भन्दा बढी उत्तर मिलाउनेलाई पनि पुरस्कार दिइनेछ ।

४) उत्तर दिँदा ग्रन्थकोआधार उल्लेख नभए ता पनि समितिको उत्तरसँग मिल्नु अनिवार्य छ । अन्यथा त्यस उत्तरलाई मान्यता दिइनेछैन् ।

प्रश्नहरू—

१. "मा च मदं मा च पमादो
नहि पमत्ता सुगतिं वजन्ति ते
त्वञ्ञेव तथा करिस्ससी ति" ।

यो माथिको गाथा तथागतले कसलाई आज्ञा गर्नु भएको थियो ?

२. औपपातिकको अर्थ के हो ?

३. अनुदूत कसलाई भन्दछ ?

४. आचार्य शान्तरक्षितको जन्म लगभग ६५० इस्वी सम्बत्मा भएको मानिन्छ, र वहाँले कसबाट प्रव्रज्या ग्रहण गर्नु भएको थियो ?

५. सन् १९७२ मा लुम्बिनी विकास परियोजनाको लागि कोरियाको कुन संस्थाले 'च्यारिटी शो' देखाई कति रकम संकलन गरी परियोजनालाई प्रदान गरियो ?

६. कौण्डण्यसँगै धर्माबबोध हुने को को हुन् र उनीहरूको संख्या कति छन् ?

७. त्रिकोटि परिशुद्ध मांस के लाई भन्दछ ?

८. "दो वर्ष और जी जाऊं, तो भारतमें पाँच करोड बौद्ध दिखा दूंगा" । यो घोषणा कसले, कहाँ र कति इस्वी सम्वत्मा गर्नु भएको थियो ?

९. आनन्द र भद्दियले कसको उपदेशबाट श्रोतापन्न फललाई साक्षात्कार गरेका थिए ?

१०. समृद्धिशाली वैशाली राज्यमा प्रासाद, कुटागार, आराम र पुष्करीणको संख्या कति कति थिए ?

११. दान परमत्थ पारमि र दान उपपारमि कस्तालाई भन्दछन् ?

१२. हामीलाई थाहा छ कि अहिले सम्ममा जम्मा २८ बुद्ध परम्परा गइसकेका छन् । ती मध्ये सबैभन्दा पहिलो र आठौं बुद्ध हुने को को हुन् ?

१३. "योगीहरूको बीचमा बुद्ध एक जना चक्रवर्ती सम्राट् नै हो" यो उद्गार कसको हो ?

१४. ताम्रपर्णी द्वीप (लका) मा दुर्भिक्षको समयमा सातसय भिक्षुलाई लिएर पृथ्वीको बाटो छोटोगरी पाटली-पुत्रमा भिक्षा लिन आउनु भएकोस्थविरको नाम के हो ?

१५. महाविहारवासी भनेर कहाँको भिक्षु वा स्थविरलाई भन्दछ ?

१६. कुनै एक शीलवान् बूढा गृहस्थीको पीठमा बसी, आफूलाई आफैले उपदेश गरी अरहत्व प्राप्त गर्ने स्थविर को थिए ?

१७. कामावचर देवलोक कति वटा छन् र के के हुन् ?

१८. दक्षिणोदक कसलाई भन्दछ ?

१९. कसको शवयात्रामा बुद्ध पनि पछि पछि जानुभएको थियो ?

२०. "आमा ! यो अशुची र दुर्गन्धमय रसले युक्त शरीर-लाई आफ्नो पैतालादेखि केशसम्म गौर गरी हेर त !" यो उपदेश कसले कसलाई दिएका थिए ?

मन (चित्त)

–'ज्योति' शाक्य
कालिम्पोंग

जीवन-जगको संचालनमा
मनको महिमा अपार,
सबै शुभाशुभ कर्म-प्रणेता
मन हो मूल आधार ।।

अकुशल पथमा लागे यो मन
संयम शील न जानी
शत्रुले भन्दा पनि अरु बढ्ता
गर्दछ आफ्नै हानी ।।

सुमार्गगामी बने यो चित्त
मिथ्या-दृष्टि हटाई
माता पिता स्वजनले भन्दा
गर्दछ धेर भलाई ।।

चञ्चल रहने, स्वच्छन्द डुल्ने
पञ्चकाममा रम्ने,
यो मन दमन गर्नु छ गाह्रो
दुःख सुख नित्य रच्ने ।।

बुद्ध तथागत भन्छन्-'जसले
यो मन वशमा राख्छ
सार गरी नर जुनी उसैले
आनन्द शान्ति पाउँछ ।।

युद्ध-भूमिमा लाखौं मानिस
मारी जित्नेभन्दा
आफ्नै मन जो जित्दछ, त्यै हो
साँचो युद्ध विजेता ।।

नित्य नै सप्त-बोधि अंगमा
छ जसको चित्त अभ्यस्त
क्लेश-आसक्ति भञ्जन गर्दै
उही नै हुन्छ विमुक्त ।

—— ★ ——

बुद्धको महिमा

–कर्म कार्की

निर्जन सुन्दर थियो सुशोभित उपवन,
याम संध्याको गौतम फिर्दै खाई पवन,
डोऱ्याई कोमल नेत्र गगनमा हेर्दा अरे !
लागी वाण छट्पटिदै व्याकुल भई हरे ! !

क्यांक क्यांक शब्द फैलियो हाँसको चित्कार,
दौडी गौतम लिए करमा सुखको आधार,
राखी औषधी मूलो गराए लिएरै काखमा,
स्वां स्वां गर्दै आए देवदत्त धनुर्वाण हातमा ।

"लेऊ, किन समात्छौ" देवदत्तको कडा बोली,
"भाइ, तिमीले त दुःख दियौ" भने हृदय खोलो,
"मैले त ऋन बचाएँ यसलाई मेरो पो धर्म यो
उपकार गर्नु ठूलो हुन्छ त्याग बिन्ति कर्म यो"

सुनी यस्तो बचन देवदत्त फर्कि गए उतै,
केही दिनमा ती हाँस पनि उडे रमाउँदै कतै,
बुद्ध कोमल मन तिम्रो महिमा म गाऊँ !
बुद्ध तिम्रो सुन्दर गाथा म सबलाई सुनाऊँ ।।

त्रिशरण वंगुया फल

ज्ञान वज्र वज्राचार्य

थ्व संसारय् नाना प्रकारया रत्नत दु, उगु रत्नत मध्यय् त्रिरत्न' समानगु उत्तमगु रत्न मेगु मदु । बुद्धरत्न, धर्मरत्न, संघ रत्नयात हे 'त्रिरत्न' धाइगु खः । बुद्धया गुण अनन्त दु, धर्मया अनन्त गुण दु, संघयानं गुण अनन्त दु । बुद्धया अनन्त गुण मध्यय् संक्षिप्तं धाल धाःसा गुंगू प्रकारया गुण दु, गथेकि, १. वसपोल भगवान् अरहत् । २. सम्यक् सम्बुद्ध ३. विद्याचरणं सम्पन्नम्ह, ४. सुगत, ५. विश्वया खँस्यूम्ह, ६. अनुत्तर, ७. हारांपि मनूतयत दमनयाना बिज्याइम्ह, ८. देवता व मनुष्यपिनि शास्ता, ९. बुद्ध भगवान् खः ।

धर्मया गुण अनन्त दुगु मध्यय् संक्षिप्तं धाल धाःसा खुगू प्रकारया गुण दु, गथेकि, १. भगवान बुद्धयागु धर्म स्वाख्यातगु २. सन्दृष्टिकःगु ३. समय बितय् मज्वीकं हे फल प्राप्त ज्वीगु, ४. थन वया सोवा धकाः सकसितं सःताः बयने योग्यगु, ५. निर्वाणपाखे हे थ्यंकः यंकीगु, ६. विज्ञ पण्डितजनपिसं थःथम्हं हे अनुभव यानाः थ्वीके फैगु धर्म खः ।

संघया गुण अनन्त मध्यय् संक्षिप्तं धाल धाःसा गुंगू प्रकारया गुण दु । गथेकि १. बांलाक धर्माचरण याना बिज्याइपि भगवानया श्रावक संघपि, २. तथ्यंगु धर्मया मार्ग बिज्यापि भगवानया श्रावक संघपि, ३. निर्वाण पद प्राप्त ज्वीगु मार्ग बिज्यापि भगवानया श्रावक संघपि, ४. धर्मय् आदर तयाः श्रद्धा पूर्वक आचरण याना बिज्यापि भगवानया श्रावक संघपि, ५. प्यंगू मार्ग व फल प्राप्त याय् धुंकूपि प्यंगू जोडा व्यक्तिपि, छम्ह छम्ह ल्या खँ ब्याम्ह थुइगलपि है भगवानया श्रावक संघपि खः, ६. निमन्त्रणा याय् योग्यपि, ७. सादरं अतिथि मानय् याय् योग्यपि, श्रद्धा तयाः दान बी योग्यपि खः, ८. नमस्कार याय् योग्यपि, ९. लोक जन पिनि पुण्यरूपी पुसा पीत उत्तमगु बुँ समान जुया बिज्यापि भगवानया श्रावक संघपि खः ।

थुकथं २४ प्रकारया त्रिरत्नया गुण अनुस्मरण यानाः त्रिशरण वनाच्वन धाःसा उपासक ज्वी । शील पालन याना च्वन धाःसा शीलवान्म्ह उपासक ज्वी । थुजापि व्यक्तिपि मरणं लिपा सुगती वनीगु जुया च्वन । थ्व खँ थ्वीकेया निम्ति बुद्धकालीन विमान बाखं छपु स्यायने-

कोशल राज्यया सेतव्य धैगु नगरय् छतमाणवक धैम्ह ल्याय्म्हम्ह ब्राह्मण छम्ह दु । व वया मांबौया याकः काय् खः । वैत योग्यम्ह काय्मचा याय् धका उकट्ठा धैगु थासय् च्वंम्ह प्रसिद्धम्ह पुष्करसाती धैम्ह आचार्य-याथाय् विद्याध्ययन याके छ्वत ।

छत्त मानवक तसकं ज्ञान् दुम्ह खः, वं याकनं सयका सीकाः काय् फु । सयके सीकेगुली भच्चाहे अलसि मचाःम्ह जुया च्वन । उकि वं याकनं हे शिल्प विद्या व मंत्र विद्या सयकाः गुरु याके विद्या पवनाः वं धाल, 'ओ गुरू ! जि छपिथाय् च्वनाः शिल्प विद्या व मंत्र विद्या सयका काय् धुन । जि छेंय् वने । छःपित जि छु गुरू-दक्षिणा चढय् याय् ?"

अवलयया इलय् गुरू-दक्षिणा धैगु सम्पूर्ण विद्या सयकाः सीकाः काय् धुनेवं तिनि बीगु जुयाच्वन । हानं दक्षिणा नितां कथं बी ज्यूगु जुयाच्वन । विद्या सयकाः

सीकां: काय् धुंम्ह शिष्यं गुरुयाथाय् च्वना: स्वयं थ:म्हं मेपिन्त छुं दँ वदँ विद्या स्यना बीगु छता प्रकारया गुरू दक्षिणा जुया च्वन। मेगु गुरू दक्षिणा थ:गु छेंया गच्छे अनुसारं नगद दां बीगु जुया च्वन। अले गुरूम्हेसिनं धाल- "हे छत्त माणवक ! छ छिमि छें वना: मां बौपिके न्यना स्व: गुजागु गुरू-दक्षिणा बी धका:, यदि छं छिमि छेंया वैभवकथं नगद दां बी हयगु जूसा दोछि दा बी ह:सां ज्यू"।

अकथं छत्तमाणवकं गुरू याके विदा कया: सेतव्य नगरय् लिहाँ वया: मांबौयात वन्दना यात। अले म्हं फु मफु गुलि गथे सयका सीका वया धका: मां बौपिसं न्यन। छत्तमाणवकं थ:म्हं सयका सीका वैगु मंत्र विद्या व शिल्प विद्या बारय् खँकन। मांबौपि निम्हं साप लय् ताल। हानं छत्तमाणवकं गुरू-दक्षिणाबीगु बारय् खँ न्ह्यथन- मां बौपिसं नगद दाँ हे बिया छ्वययु विचा: यात, कायलिसे बाया: च्वनेगु इच्छा मजुल। नगद दां हे गुरू-दक्षिणा बिया छ्वय् धाय्वं, छत्तमाणवकं बीमा:गु गुरू-दक्षिणा थौं हे तुरन्त ब्यू वने धका: धाल। तर वया मां-बौपिसं नकतिनि थ्यंक: व:म्ह काय्यात तुरन्त विदा बिया: कायनापं बाया च्वनेगु इच्छा मजुल। गुरू-दक्षिणा ब्यूवने हथाय् चा:म्ह काय्यात दोछि दांप्व: न्ह्या:ने तया: धाल, "बाबु थौं लिवात, कन्हय् जक हुँ।"

थ: काय्यात थथे धया: अबुम्हं दोछि दां बिल। तर उखे छत्तमाणंवकं विद्या ब्वना: शिल्प व मंत्र सयका: लिहाँ व:गु खँ नगरय् सकभनं प्रचार जुल। गुरू-दक्षिणा ब्यू वनीगु खँ नं सिल। खुँतसें नं थुगु खँ सिल। खुँ तसे छत्तमाणवकयात स्याना: दोछि दां लाका काय्गु खँ कोछिना: छत्तमाणवक वनीगु लँपवी दथ्वी ला:गु छगू जंगलय वना: इपि सुला च्वं वन।

उगु हे इलय्, छत्तमाणवक गुरू-दक्षिणा बीत वनीगु दिनया नसंचाय् भगवान् बुद्ध सदांथें वसपोलया न्हिज्या. कथं महाकरूणा समापत्ति ध्यानय् च्वना: थौं सुयानं उद्धार याय् धका: लोकय् स्वया: छत्तमाणवक वैगु लँय् छमा सिमाक्वय् च्वंविज्यात।

